# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

बलम्बु, काठमाडौँ, बागमति, प्रदेश

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधवकुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

| निवेदक/वादीको नाम, थर, ठेगाना | विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना |
|---|---|
| रुद्रबहादुर महतको नाति, राम महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ बस्ने वर्ष ४२ को देवेन्द्र महत ...............१ | रुद्रबहादुर महतको नाति गोपाल महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ वस्ने वर्ष ४० को ज्ञानेन्द्र महत ...............१ |
| रुद्रबहादुर महतको नाति, राम महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ बस्ने वर्ष ३८ को हरिशरण महत ...............१ | खड्गबहादुर महतको नाति रुद्रबहादुर महतको छोरा च.न.पा. वडा नं. ७ बस्ने वर्ष ६१ को राजेन्द्रबहादुर महत ...............१ |

**वादीको साक्षी**

क) का.जि. च.न.पा. वडा नं. ७ बस्ने वर्ष ४० को निर्मला महत...............१

ख) ऐ.ऐ बस्ने वर्ष ३३ को इन्दिरा महत............१

**प्रतिवादीको साक्षी**

**कागज प्रमाण** (वादी)

क) नागरिकताको फोटोकपी थान ................ २

ख) नक्साको फोटोकपी थान....................... ३

ग) ट्रेशको फोटोकपि थान ..........................१

घ) मृत्यु दर्ता प्रमाण पत्रको फोटोकपि थान........१

ङ) नाता प्रमाणित प्रमाण पत्रको फोटोकपि थान..१

च) जग्गा धनी दर्ता प्रमाण पूर्जा फोटोकपी थान ............................................. १

**कागज प्रमाण** (प्रतिवादी)

न्यायिक समितिबाट बुझेको साक्षी ................

मुद्दा : जग्गा विवाद आपसी सहमतीबाट छलफल गरी पाउँ ।

मु.नं. : ०६/३२

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

राजेन्द्र महतले कि.नं. ४१८ को दक्षिण पट्टी पर्खाल लगाई करिब तीन आना एक पैसा एक दाम तथा ज्ञानेन्द्र महतले कि.नं. ४३६ पट्टी दश आना दुई पैसा जग्गा अतिक्रमण गरेको भन्ने माग दावी रहेको देखिन्छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

प्रतिवादीले मिति २०७७/०४/२६ मा म्याद बुझी म्याद गुजारी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

नातामा विवाद रहेको देखिदैन ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

पक्षले कानुन व्यवसायी राख्नु भएको छैन ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

जग्गा खिचोला गरेको हो होइन भन्ने कुरामा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड**

प्रस्तुत विवादित विषयमा जग्गा अतिक्रमण भए नभएकोमा पक्षहरू बीच मुख मिलेको नदेखिदा विवादित कि.नं. ५०, ४१८ र ४३६ जग्गाको हाल कायम क्षेत्रफल समेत एकिन गरी उजुरी माग बमोजिम जग्गा विवाद समाधान गर्नुपर्ने हो होइन भनि निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) को देहाय (क) र (झ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा उक्त कानुनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा मेलमिलापको प्रकृया समेत अवलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा पक्षहरूलाई मेलमिलापको लागि प्रेरित गरी पटक पटक छलफल गर्दा समेत सहमति भई मेलमिलाप हुन नसकेको हुँदा जग्गा खिचोलो गरेको सम्बन्धमा प्रमाण बुझी निर्णय गर्ने अधिकार न्यायिक समितिलाई भएको नहुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ४

बमोजिम तारेखमा रहेको पक्षलाई तारिख तोकी श्री काठमाडौं जिल्ला अदालतमा जान सुनाई प्रस्तुत मुद्दाको सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा बुझाईदिनु । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

(क) माथिको निर्णय खण्डमा वादीलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को उपदफा ४ बमोजिम तारेख तोकि सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा बुझाईदिनु ....................................१

(ख) प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन । ................................ २

(ग) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनु । ................................................ ३

(ख) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी श्री काठमाडौं जिल्ला अदालतमा बुझाई दिएको निस्सा अभिलेख शाखामा बुझाईदिनु ...................................................................................... ४

**न्यायिक समितिका**

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**कानुनी सहजकर्ता**

निरञ्जन गोपाल बतौंला शर्मा

इति सम्वत् मिति २०७८ साल मंसिर महिना ०९ गते रोज ५ शुभम् ...........................................